STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २२५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ ११ गते शुक्रबार ❑ 27 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

# मणिपाल शिक्षण अस्पताल बिक्री

## करिब साँढे ३ अर्वमा खरिद भए पनि पुन: एक अर्व लगानी सहित थप सेवा विस्तार गर्ने संचालक पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १० भदौ**



करिब २७ वर्ष अघि भारतीय कम्पनीले पोखरा ११ फुलवारीमा संचालनमा ल्याएको मणिपाल शिक्षण अस्पताल पोखरेली युवा व्यवसायीहरुले खरिद गरेका छन्।

पोखराका दुई चर्चित घरना ग्रुप बतास अर्गनाइजेसन र अटोवेज समूहले मणिपाल अस्पताल तथा कलेज हालै खरिद गरेका हुन्। पोखरेली युवा व्यवसायी संलग्न भएको समुहले उक्त अस्पताल तथा कलेज खरिद गरेसंगै अबको केही दिनमै भारतीय कम्पनी मणिपाल एजुकेसन एण्ड मेडिकल ग्रुपबाट ग्रहण गर्ने भएको अटोवेजका अध्यक्ष युवा व्यवसायी नारायण पौडेलले बताए। करिब ४० रोपनी क्षेत्रफलमा फैलिएको अस्पतालमा हाल ९ सय वेड क्षमताको अस्पताल उक्त समुहले करिब ३ अर्ब ५० करोडको लागानीमा खरिद गरेको उनले जनाए। दुई समुह मध्य बतासको ६० र अटोवेजको करिब ४० प्रतिशत लगानी भएको कम्पनीले जनाएको छ। २०५१ सालमा स्थापना भएको गण्डकी प्रदेशकै निजीमा ठुलो अस्पतालको रुपमा स्थापित भएको उक्त अस्पताल खरिद भएसँगै ४ सदस्यीय नयाँ वोर्ड गठन हुने भएको छ। बोर्डमा अध्यक्ष बतास समूहका अध्यक्ष आनन्दराज बतास, उपाध्यक्षमा अटोवेज ग्रुपका अध्यक्ष नारायण पौडेल रहने भएका छन्। अस्पताललाई जनताको अस्पताल बनाउँदै सर्वसाधारणले पनि शेयर हाल्न पाउने गरी पब्लिक लिमिटेड कम्पनीका रूपमा लैजाने योजना समेत कम्पनीले जनाएको छ। आफुहरुले उक्त अस्पताल खरिद गरेसंगै यस क्षेत्रका जनताको सानो देखि गम्भिर प्रकारका बिरामीहरुको उपचार गर्ने अस्पतालको रुपमा स्थापित गर्ने योजना रहेको अटोवेजका अध्यक्ष पौडेलले जनाए। उनले भने "हामीले यस क्षेत्रका जनताको अपनत्व हुने गरी यो अस्पताललाई नयाँ ढंगले संचालन गर्ने रणनितीमा रहेका छौं, परिस्कृत, गुणस्तरिय सहितको सेवा दिन हामी तयार भएका छौं।" अस्पतालको सेवा विस्तार गर्न पोखरेली समुहले तत्काल करिब एक अर्ब भन्दा बढी लगानी गर्ने भएको पौडेलले जनाए। उक्त कलेजले करिब एक सय जनालाई एमबिबिएस अध्यापनको अनुमति पाएको कलेज हो। अध्यक्ष बतासका अनुसार अस्पताल र कलेजको नाम पाँच वर्षसम्म मणिपालकै रुपमा रहने त्यसपछि कम्पनीले इच्छा अनुसार नाम राख्ने भएको छ।

मणिपाल नाम उल्लेख गरे अनुरुप भारतीय लगानीकर्तालाई पाँच वर्षको रोयल्टी तिर्ने भएको कम्पनी श्रोतले जनाएको छ। नयाँ ढंगले संचालन हुने भए पनि उक्त अस्पतालमा कार्यरत कर्मचारीहरुलाई समेत नयाँ व्याबस्थापनले व्यबस्थापन गर्ने भएको बताइन्छ। उक्त अस्पताल भारतीय कम्पनीले नेपालमा संचालन गरेको ४९ वर्ष पश्चात नेपाल सरकारलाई हस्तान्तरण गर्ने गरी सुरु गरेको थियो। हाल मनिपाल शिक्षण कलेजमा करिब १ सय ५० जना चिकित्सकहरु कार्यरत रहेकाछन् भने करिब ५ सय भन्दा बढी कर्मचारी रहेका छन्।

# हामी गठबन्धन सरकारमा सहभागी हुन्छौँ : अध्यक्ष नेपाल

**रासस**
**काठमाडौं, १० भदौ**

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले वर्तमान गठबन्धनको सरकारमा सहभागी हुने बताउनुभएको छ।

पार्टीले बुधबार निर्वाचन आयोगबाट दल दर्ता भएको प्रमाणपत्र प्राप्त गरेपछि औपचारि करूपमा आज आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले वर्तमान गठबन्धनको सरकारमा सहभागी हुने बताउनुभएको हो। अध्यक्ष नेपालले पाँच दलीय गठबन्धनमा आफू पनि भएको र सरकारमा छिट्टै सहभागी हुने उहाँको भनाइ थियो। "सबै वामपन्थी लोकतान्त्रिकसँग पार्टीले सहयोग गर्छ, कांग्रेस, माओवादी, जसपासँग सहकार्य हुन्छ", अध्यक्ष नेपालले भन्नुभयो, "सत्ता बाहिर रहेका कम्युनिष्टसँग पनि सहकार्य हुन्छ।" आफूहरुको नयाँ पार्टी राष्ट्र र जनताप्रति समर्पित भई काम गर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "यो पार्टी राष्ट्रप्रति र जनताप्रति समर्पित हुनेछ, यो कुनै स्वार्थ र कुसंस्कारको झुण्डमा पर्ने छैन।" अध्यक्ष नेपालले क्रान्तिकारी धारमा हिंड्नेले जनता र कार्यकर्ताको चाहना बुझ्न सक्नुपर्ने र आफूले पार्टीलाई जोगाउन, राष्ट्रियता, लोकतान्त्रिक गणतन्त्र र जनताका हितका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। नेकपा (एमाले) को संस्थापक आफू नै भएको र पार्टीभित्र देखिएको विकृतिलाई तिलाञ्जली दिन र नेपाली कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउन विकल्पका रूपमा पार्टी खोल्नुपरेको उहाँले जानकारी दिनुभयो।

सो पार्टीले बुधबार निर्वाचन आयोगबाट दल दर्ता गरेको प्रमाणपत्र प्राप्त गरेको थियो। नेकपा (एमाले) प्रति असहमति जनाउँदै नयाँ पार्टी दर्ता गरेको हो।

# उर्जा मन्त्री आचार्य वडा नं १३ र १४ मा

**पोखरापत्र संवाददाता**
**पोखरा, १० भदौ**

उर्जा, जलस्रोत तथा खानेपानी मन्त्री हरिशरण आचार्यले विहीवार पोखरा १३ र १४ स्थित विभिन्न स्थानमा निरीक्षण गरे।

पोखरा १३ स्थित काँहुखोला बाढी प्रभावित क्षेत्र र वडा १४ मा खानेपानीको समस्याको सँगै निरीक्षण मन्त्री आचार्यले गरेका छन्। मन्त्री आचार्यलाई पोखरा

बाँकी अन्तिम पृष्ठमा ▶▶



# गण्डकीमा संक्रमितको दोब्बर निको

**पोखरापत्र संवाददाता**
**पोखरा, १० भदौ**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा थपिएका कोरोना सङ्क्रमितको दोब्बर सङ्ख्यामा निको भएका छन्।

यस अवधिमा ३२८ सङ्क्रमित थपिएका छन् भने त्यसको दोब्बर ६५६ जना निको भएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा प्रदेशमा सङ्क्रमण भई मृत्यु हुनेको सङ्ख्या नौ पुगेको छ। मृत्यु हुनेमा कास्कीका छ, तनहुँ, पर्वत र म्याग्दीका एक/एक जना रहेको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो। यीसँगै प्रदेशमा कोरोना सङ्क्रमण भई मृत्यु हुनेको सङ्ख्या एक हजार २६८ जना पुगेको छ।

गण्डकी प्रदेश सरकारका वन, वातावरण तथा भूसंरक्षणमन्त्री दीपक थापा र कृषि, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री चन्द्रबहादुर बुढामगर कोरोना सङ्क्रमणमुक्त हुनुभएको छ। विगत १५ दिनदेखि होम आइसोलेशनमा रहनुभएका मन्त्रीद्वयको दोस्रो परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ। सामान्य रुघाखोकी र ज्वरो देखिएपछि उपचार गर्न जाँदा दुई हप्ताअघि उहाँहरूको स्वाब सङ्कलन गरिएको थियो। स्वाब परीक्षण गर्दा उहाँहरूमा सङ्क्रमण पुष्टि भएको थियो। कोरोनामुक्त भएसँगै उहाँहरू मन्त्रालयको नियमित काममा फर्कनुभएको प्रमुख स्वकीय सचिव क्रमशः लोकेन्द्र थापा र प्रेम रोकामगरले जानकारी दिनुभयो।

# थप २४३३ मा संक्रमण, २६ जनाको निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, १० भदौ**

कोरोना भाइरसको सङ्क्रमण बिहीबार एकैदिन दुई हजार ४३३ जनामा सङ्क्रमण देखिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार विगत २४ घण्टामा १४ हजार ३७४ जनामा परीक्षण गर्दा दुई हजार ४३३ जनामा सङ्क्रमण देखिएको हो। सक्रिय सङ्क्रमित ३८ हजार ३८४ जना रहेका छन्।

यस्तै सङ्क्रमणबाट निको भई आज एक हजार ९२९ जना घर फर्किएका छन्। अहिलेसम्म सात लाख पाँच हजार ८९३ जना निको भई घर फर्किएका हुन्। नेपालमा निको हुने दर ९३.५ प्रतिशत रहेको छ। यस्तै सङ्क्रमणबाट विगत २४ घण्टामा २६ जनाको ज्यान गएको छ। अहिलेसम्म १० हजार ६३८ जनाको सङ्क्रमणबाट ज्यान गएको छ। नेपालमा प्रति १० लाखमा ३५८.५ जनाको सङ्क्रमणका कारणले निधन हुने गरेको छ।

यस्तै ६२० जना सघन उपचार कक्ष, १६५ जना भेन्टिलेटर, ३५ हजार ३५४ जना होम आइसोलेसन, तीन हजार ३० जना संस्थागत आइसोलेसन र ३६६ जना क्वारेन्टिनमा रहेका छन्। नेपालमा सङ्क्रमणको दर १९.५ प्रतिशत रहेको छ।

# काँग्रेस केन्द्रीय कार्यालयमा जिल्ला सभापतिको रिले अनशन जारी

**रासस**
**काठमाडौं, १० भदौ**

क्रियाशील सदस्यको सम्पूर्ण सूची तत्काल सार्वजनिक गनुपर्नेलगायतका माग राख्दै सुरु भएको काँग्रेस जिल्ला सभापतिको रिले अनशन पार्टी केन्द्रीय कार्यालय सानेपामा जारी रहेको छ।

काँग्रेसका केही जिल्ला सभापतिले क्रियाशील सदस्यताको सम्पूर्ण सूची तत्काल सार्वजनिक गर्नुपर्ने, पार्टी विधानअनुसार क्रियाशील सदस्यतालाई अन्तिम रुप दिनुपर्ने, सबै जिल्लाका सभापतिको निर्वाचन प्रक्रियामा एकरूपता आउने गरी निर्वाचन निर्देशिकालाई संशोधन गर्नुपर्नेलगायत माग राखेर बुधबारदेखि सुरु भएको अनशन आज पनि जारी रहेको हो। पार्टीका संस्थापन इतरपक्षका जिल्ला सभापतिले सो माग गर्नुभएको हो। अनशनमा तनहुँका सभापति वैकुण्ठ न्यौपाने, सुर्खेतका कमलराज रेग्मी, डोल्पाका अगदकुमार बुढा, नेविसङ्घका पूर्वउपाध्यक्ष प्रमोदहरि गुरागाईं र नेविसङ्घका पूर्वमहामन्त्री मनोजमणि आचार्य बस्नुभएको छ। सोमबार राति काँग्रेसले पार्टीको १४औँ महाधिवेशनका लागि क्रियाशील सदस्यता विवाद टुङ्ग्याइ अन्तिम रुप दिइएको थियो। पार्टीका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला, डा मीनेन्द्र रिजाल र रमेश लेखकसहितको कार्यदललेक्रियाशीलसदस्यतासम्बन्धी बाँकी कार्यसम्पन्न गरी त्यसको प्रतिवेदन पार्टी सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेललाई बुझाएको थियो। काँग्रेसको १४औँ महाधिवेशनअन्तर्गत गाउँ/नगर वडा अधिवेशन यही भदौ १८ गते, गाउँ/नगरपालिका अधिवेशन भदौ २७ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामी असोज १ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन आगामी असोज ५ गते हुनेछ। यसैगरी काँग्रेसले एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १० गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म गर्ने गरी कार्यतालिका तय गरेको छ। यसैबीच रिपोर्टर्स क्लबले बिहीबार यहाँ आयोजना गरेको साक्षात्कार कार्यक्रममा नेपाली काँग्रेसका जिल्ला सभापतिहरुले सहमतिमा काँग्रेसको अधिवेशन हुनुपर्ने बताएका छन्।

कार्यक्रममा काँग्रेस नुवाकोटका सभापति जगदीश्वरनरसिंह केसीले चाँडो क्रियाशील सदस्यता सार्वजनिक गरेर महाधिवेशनमा जानुपर्ने बताउनुभयो। "हामीले महाधिवेशन भाँड्न खोजेका होइनौं, तत्काल क्रियाशील सदस्यताको नाम सार्वजनिक गरेर महाधिवेशनमा जानुपर्छ", उहाँले भन्नुभयो। काँग्रेस भक्तपुरका सभापति दुर्लभ थापाले अधिवेशन नजिकिँदै जाँदा क्रियाशील सदस्यताको कुरालाई झिकेर बखेडा झिक्न नहुने बताउनुभयो।

उहाँले अनशनभन्दा पनि महाधिवेशन अहिलेको प्राथमिकता भएको बताउनुभयो। का ँ ग्रे स रामेछापका सभापति लवश्री न्यौपानेले मतदाता नामावली प्रकाशन गरेरमात्र अधिवेशनमा जानुपर्ने बताउनुभयो।

पोखरा ईञ्जिनियरिङ्ग कलेजको नयाँ भर्ना सम्बन्धि सूचना !
प्राविधिक ईन्जिनियरिङ्ग शिक्षामा सधै अग्रस्थानमा रहन सफल यस पोखरा ईन्जिनियरिङ्ग कलेजमा नयाँ शैक्षिक शत्र २०७८/७९ को लागि निम्न विषयहरूमा भर्ना खुल्यो।
कार्यक्रमहरु:
❖ Diploma in Computer Engineering (Overseer) 3 yrs
❖ Diploma in Civil Engineering (Overseer) 3 yrs
आवश्यक न्यूनतम योग्यता : SEE मा Math र Science मा C र अंग्रेजीमा D+ वा सो सरह।
❖ Pre-Diploma in Civil Engineering (18 months) को लागि SEE वा SLC मा जुनसुकै Grade वा प्रतिशत ल्याएको विद्यार्थीले पनि पढ्न पाउने।
फारम बुझाउने अन्तिम मिति : २०७८ भाद्र १८ गते शुक्रबार सम्म मात्र।
नोट: जनजाति, महिला, दलित, मधेसी, दुर्गम, विपन्न, पिछडा वर्ग र उत्कृष्ट विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिएको छ।
विस्तृत जानकारीको लागि:
पोखरा ईञ्जिनियरिङ्ग कलेज
फिर्के-८ पोखरा, फोन नं.०६१-५२५९२६, ५३१२०९, ५२८५३०
www.pec.edu.np

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तरताको आवश्यकता : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, १० भदौ**

गण्डकी प्रदेश सरकारका कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दुकुमार थापाले सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तरताको आवश्यकता रहेको बताउनुभएको छ।

बिहीबार पोखरा ९ नयाँबजार स्थित नव प्रभात माविको सिसी क्यामेरा तथा बाल उद्यान समुदघाटन कार्यक्रममा बोल्दै मन्त्री थापाले सबैका लागि सरकारी स्कुल भन्ने भावनाका साथ अगाडि बढ्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्नुभयो। प्रदेश सरकारले नयाँ खालको शिक्षा नीति ल्याउन लागेको जानकारी गराउँदै मन्त्री थापाले अबको शैक्षिक स्तर व्यवसायिकमुखी हुनुपर्ने तर्फ जोड गर्नुभयो । उहाँले भन्नुभयो, 'समाजले कस्तो खालको उत्पादन खोजेको छ, त्यस्तै प्रवृतिको शैक्षिक पद्धती हुन जरुरी छ। बजारको माग अनुसारको शिक्षा दिनुपर्ने आजको आवश्यकता हो । समयसापेक्ष शिक्षा नीतिमा गण्डकी सरकार समेत लागिरहेको छ।'




बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसदमा दर्ता भइसकेको र उक्त विधेयक मार्फत बालबालिकाको हकमा धेरै कुराको सुनिश्चित हुने जानकारी उहाँले गराउनुभयो।

नव प्रभात माविको भौतिक र शैक्षिक गुणस्तरताको विषयमा प्रदेश सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता मन्त्री थापाको छ। उहाँले विद्यालयमा आधुनिक सुविधा सम्पन्न पुस्तकालय व्यवस्था गर्न प्रदेश सरकारबाट सक्दो सहयोग हुने बताउनुभयो । पुस्तकालयको मोडालिटी तयार गरेर प्रदेश सरकारलाई बुझाउन मन्त्री थापाले आग्रह गर्नुभयो । सामुदायिक विद्यालयमा पनि प्राइभेट स्कुलमा भन्दा राम्रो शिक्षदिक्षा हुन्छ भन्ने भावनाको विकास गर्न सके विद्यार्थी संख्या बढ्दै जाने विश्वास मन्त्री थापाको छ। उहाँले गण्डकी सरकार पनि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरलाई सुदृढ बनाउन लागिरहेको जानकारी गराउनुभयो । शिक्षक, अभिभावक र सरकार मिलेर सामुदायिक विद्यालयमा देखिएका समस्यालाई निर्मुल पार्नुपर्ने आवश्यकता रहेको मन्त्री थापाको भनाई छ । नैतिक शिक्षामा मन्त्री थापाले जोड दिनुभएको छ। प्रविधिको विकास सँगै यसको सदुपयोग सही ढंगले नहुँदा बालबालिकाले पढाईप्रति ध्यान नदिने जस्तो प्रवृति मौलाएको र यस्तो समस्याको समाधान गर्नुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो।

# अस्ताए आमा, दिदीबहिनीका गीत गाउने टुहुरे

**रासस**
**काठमाडौं, १० भदौ**

'आमा दिदीबहिनी हो कति बस्छौ दासी भई सुखको सधैँ प्यासी बनेर'

नेपाली समाजलाई उचनिचको व्यवहारबाट दोस्रो दर्जामा पारिएका महिलालाई विद्रोहको झण्डा बोक्न प्रेरित गर्ने वरिष्ठ जनगायक जेबी टुहुरेको निधनबाट नेपालको साङ्गीतिक क्षेत्रमा अपुरणीय क्षति भएको छ। खास नाम जुठबहादुर खड्गी भए पनि नेपालीले उहाँलाई जेबी टुहुरे भनेर नै चिने। जनताको गीत गाउने गायकको खास परिचय बनाउनुभएका उहाँको उपचारको क्रममा निधन भएको हो। केही दिन पहिले आफ्नै घरमा लड्नुभएका टुहुरेको बल्खुस्थित बयोधा अस्पतालमा निधन भएको हो । टुहुरेको ७८ वर्षको उमेरमा बयोधा अस्पतालमा उपचारका क्रममा निधन भएको नेकपा (माओवादी केन्द्र) निकट अखिल (क्रान्तिकारी)का उपाध्यक्ष सुरेन्द्र बस्नेतले जानकारी दिनुभयो।

उपचारमा संलग्न चिकित्सकले उहाँलाई स्ट्रोक भएको बताउनुभएको थियो । उहाँलाई सिसीयूमा राखेर उपचार गराइएको थियो। विसं २०२४ देखि निरन्तर



जनताको गीत गाउँदै आउनुभएका टुहरेको अधिकांश गीत लोकप्रिय छन् । टुहुरेको 'बसाइँ हिँड्नेको ताँतीले बस्नेको मन रुँदो छ, लाखौँका लागि उजाड छ यो देश मुठ्ठीभरिलाई त स्वर्ग छ' भन्ने गीत पनि उत्तिकै चर्चित छ।

विसं २०२८ देखि सुरु भएको झापा विद्रोह र त्यसपछि सिर्जना भएको राजनीतिक अवस्थाले धेरैजसो नेता, कार्यकर्ता विस्थापित भए । टुहुरे भने त्यतै गाउँगाउँमा गीत गाउँदै लुकीलुकी हिँड्नुभयो । उहाँ त्यतिबेला कोशी प्रान्तीय परिषद्मा सङ्गठित हुनुहुन्थ्यो । पञ्चायतकालका आफ्ना अधिकारको कुरा गर्नु नै अपराधजस्तो ठानिन्थ्यो । त्यसै बेला गीत गाएर मानिसको अधिकारको कुरा गर्नु कति जोखिमपूर्ण थियो होला ? उहाँले सुनाउनुभएको थियो । धरानको सैनिक भवनमा विसं २०३३ मा पहिलोपटक 'आमा दिदीबहिनी हो' भन्ने गीत गाएको उहाँले सुनाउनुभएको थियो । त्यसपछि यो गीत कतिपटक गाएँ भन्ने आफैँलाई हेक्का छैन।

सुनसरीको धरानका स्थायी बासिन्दा रहनुभएका टुहरेलाई नेकपा (माओवादी केन्द्र)ले दोस्रो संविधानसभामा समानुपातिक प्रणालीअन्तर्गत संविधानसभा सदस्य बनाएको थियो । संविधानसभामा पनि उहाँले आफ्नै लोकशैलीमा धारणा राख्ने गर्नुहुन्थ्यो। उहाँको पार्थीव शरीरलाई आज साढे २ बजेसम्म पेरिसडाँडामा श्रद्धाञ्जलिका लागि राखिने भएको छ। त्यसपछि उहाँको पशुपति आर्यघाटमा अन्तिम दाहसंस्कारको तयारी गरिएको छ । झण्डै आधा शताब्दीभन्दा बढी नेपाली जनवादी गीत-सङ्गीगतमार्फत जनताको बीचमा मुक्ति, स्वतन्त्रता र परिवर्तनको शङ्खनाद गर्ने वरिष्ठ जनगायक टुहुरेको निधनप्रति सामाजिक सञ्जालमा दुःख व्यक्त गरिएको छ। टुहुरे नेपाली वाम-लोकतान्त्रिक आन्दोलनका एक अथक, पुराना र अत्यन्तै निष्ठावान् व्यक्तित्व हुनुहुन्थ्यो । विसं २००१ कात्तिक १५ गते पूर्वी नेपालको धरानमा जन्मनुभएका टुहुरेले विसं २०२४ देखि जनताको गीत गाउन थाल्नुभएको थियो । विसं २०२५ बाट पूर्व कोशी प्रान्तीय कमिटीमार्फत कम्युनिष्ट पार्टीको सदस्यता लिनुभएका टुहुरेले आफ्नो सिङ्गो जीवन कम्युनिष्ट आन्दोलनमा बिताउनुभयो । टुहुरेले गीत-सङ्गीतका माध्यमबाट तत्कालीन पञ्चायती कालरात्रिका विरुद्ध जनतालाई जागृत र पछिल्लो लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनमा समेत अग्रभागमा रहि उल्लेखनीय योगदान पुऱ्याउनुभएको थियो । टुहुरे विसं २०५२ देखि २०५९ सम्म राष्ट्रिय जनसांस्कृतिक मञ्चको अध्यक्ष, सांस्कृतिक संस्थानको अध्यक्ष हुँदै २०७० मा तत्कालीन माओवादीबाट संविधानसभाको सदस्य बन्नुभएको थियो । त्यसबखत उहाँले व्यवस्थापिका संसद्को श्रम तथा अन्तर्राष्ट्रिय समितिको सभापतिको जिम्मेवारीसमेत निर्वाह गर्नुभएको थियो। त्यसयता टुहुरे लगातार नेकपा (माओवादी केन्द्र)को केन्द्रीय सल्लाहकारको जिम्मेवारीमा हुनुहुन्थ्यो । टुहुरेका श्रीमती, एक छोरा र चार छोरी हुनुहुन्छ।

# स्याङ्जाका डिएसपी अधिकारी 'उत्कृष्ट प्रहरी'

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, १० भदौ**

नेपाल प्रहरीमा कार्यरत कर्मचारीले समाजमा खेलेको शान्ति सुरक्षामा खेलेको भुमिकाको आधारमा हरेक महिना र बर्षमा उत्कृष्ट प्रहरी पुरस्कृत गर्ने अभियान शुरु एक बर्ष पुरा भएको छ।

प्रहरी कर्मचारीको मनोबल उच्च राख्न प्रहरी प्रधान कार्यालयको नीति अनुसार जिल्ला प्रहरी कार्यालय स्याङ्जाले 'उत्कृष्ट प्रहरी' पुरस्कारलाई निरन्तरता दिदै आएको छ। प्रहरी कर्मचारीलाई डिउटीमा खटिएको कामको आधारमा प्रहरी जवान देखि प्रहरी अधिकृत सम्म पुरस्कृत गरिदै आएको छ । यसै क्रममा जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सुचना अधिकारी प्रहरी नायव उपरिक्षक राजेन्द्र अधिकारीलाई २०७७ सालको 'उत्कृष्ट प्रहरी' पुरस्कारबाट सम्मानितभएका छन्।अधिकारीले मातहतका प्रहरी कर्मचारीहरुलाई उचित ढंगले परिचालन गरी प्रहरी कार्य, प्रशासनिक ब्यवस्थापन,



अपराध अनुसन्धान तथा नियन्त्रण लगायत फरार रहेका बिभिन्न प्रतिवादीहरु पक्राउ लगायतमा महत्वपूर्ण भुमिका निर्वाह गरेको भन्दै पुरस्कृत गरिएको जिल्ला प्रहरी प्रमुख प्रहरी उपरिक्षक होविन्द्र बोगटीले बताए। अबैध घरेलु मदिरा नियन्त्रण, कोभिड १९ नियन्त्रण एबं बिभिन्न सचेतना मुलक कार्यक्रमहरु संचालनमा उत्कृष्ट कार्यान्वयन गराउन डिएसपी अधिकारीको भुमिका प्रभावकारी रहेको प्रहरी प्रमुख बोगटीले बताए।

सुचनालाई चुस्त दुरुस्त राख्न र प्रवाहमा भुमिका राम्रो हुदा कार्यालयको काममा पारर्दशिता देखियो प्रहरी प्रमुख बोगटीले भने,'जसले गण्डकी प्रदेशकै उत्कृष्ट हुन सफलता तुल्यायो।'

स्थानिय निकाय, बिभिन्न सरोकारवालाहरुसंग आवश्यक समन्वय गरी समाजमा शान्ति सुरक्षा कायम राखी आम नागरिक माझ प्रहरी संगठनको छबि उच्च बनाउन भुमिका खेलेकोले बर्ष २०७७ को 'उत्कृष्ट प्रहरी' सम्मानबाट पुरस्कृत गरिएको हो उनले भने।

१५ महिना अगाडी आएका अधिकारी जिल्ला प्रहरी कार्यालय स्याङ्जा जेष्ठ २२ गते हाजिर भएका थिए । प्रहरीले गरेको काम कारवाहिको बारेमा सहज रुपमा सूचना दिने भुमिकामा अधिकारी जिल्लाका पत्रकारका पनि प्रशंसीत रहेका छन् । जिल्ला प्रहरी कार्यालयमा १२ जना प्रहरी कर्मचारी पुरस्कृत भइसकेका छन्।

# उर्जा...

वडा न १३ का वडा अध्यक्ष दर्शन लामा , काँहुखोला बाढी नियन्त्रण सरोकार उपभोक्ता समितिका अध्यक्ष माधवप्रसाद सिग्देल र स्थानीय क्षेत्र वहादुर कार्कीले बाढीले प्रभावित क्षेत्रमा परेको समस्यको वारे जानकारी दिए। निरीक्षण पछि मन्त्री आचार्यले बाडीवाट उत्पन्न समस्यको समाधानको लागि संघ,प्रदेश र स्थानीय सरकारवीच समन्वय आवश्यक रहेको वताए।

यो क्षेत्रका समस्यको समाधानको लागि करोडले पुग्दैन , अरबौ रकम आबश्यक देखिन्छमन्त्रीले भन्दै सवै पक्षसँग बैठक र ममन्वय गरी अघि बढ्नै भने। जलस्रोत सिंचाइ विकास डिभिजन कार्यालउ पोखराका प्रमुख किरण आचार्यले समास्य समाधान गर्नको लागि अध्ययनको लागि शुरु गरिने मन्त्रीले भने।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**





# कपालको उपचार

## कपाल झर्नु तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

# कर्मचारीमा कोभिड संक्रमण, मालपोतको सेवा बन्द

**पोखरापत्र संवाददाता**
**वालिङ, १० भदौ**

स्याङ्जाको वालिङमा रहेको मालपोत कार्यालयका कर्मचारीमा कोभिड-१९को सङ्क्रमण देखिएपछि कार्यालय बन्द गरिएको छ।

कार्यालयमा कार्यरत कूल १२ जना कर्मचारीमध्ये एण्टिजिन परीक्षण गर्दा पाँच जनामा कोभिड- १९ पुष्टि भएपछि बुधबारदेखि कार्यालयबाट प्रदान गरिने सम्पूर्ण सेवा बन्द गरिएको कार्यालय प्रमुख रवीन अधिकारीले बताउनुभयो।

जिल्ला प्रशासन कार्यालय स्याङ्जासँग समन्वय गरी अर्को सूचना नभएसम्मका लागि कार्यालय बन्द गरिएको हो । कर्मचारीमा ज्वरो आउने, ज्यान दुख्ने, रुघाखोकी लाग्ने जस्ता लक्षण देखिएपछि गह्रौं प्राथमिक अस्पताल वालिङमा एण्टिजिन परीक्षण गर्दा कोभिड -१९ पुष्टि भएको कार्यालय प्रमुख अधिकारीले बताउनुभयो। सङ्क्रमण देखिएका कर्मचारीमध्ये तीनजना कार्यालयको क्वाटरमै आइसोलेशनमा बस्नुभएको छ भने दुई जना स्याङ्जास्थित घरमै आइसोलेशनमा बस्नुभएको छ । मालपोतमा कार्यरत अन्य कर्मचारीमा रुघाखोकी, सामान्य ज्वरो, जीउ दुख्ने भए पनि परीक्षणका क्रममा कोभिड पुष्टि नभएको हो। परीक्षणका क्रममा कोभिड पुष्टि नभए तापनि उच्च सतर्कताकासाथ सुरक्षित रुपमा घरमै बस्न अनुरोध गरिएको प्रमुख अधिकारीले बताउनुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। -गीता

## सम्पादकीय

# फेरिए मुख्यमन्त्री

प्रदेश १ संसदीय दलको बैठकबाट सर्वसम्मत संसदीय दलको नेतामा चयन भएका आचार्यलाई प्रदेश प्रमुख सोमनाथ अधिकारी प्यासीले मुख्यमन्त्रीको रूपमा शपथ गराएका हुन्। आचार्यलाई निवर्तमान मुख्यमन्त्री शेरधन राईको प्रस्तावमा संसदीय दलको नेता बनाइएको हो। आचार्य दलको नेता चयन भएपछि राईले प्रदेश प्रमुख सोमनाथ प्यासीकहाँ मुख्यमन्त्रीबाट बुधबार राजीनामा बुझाएका छन्। आचार्यले प्रदेश सभाको बहुमत प्राप्त संसदीय दलको नेताको हैसियतमा धारा १६८(१) बमोजिम मुख्यमन्त्रीको रूपमा शपथ लिएका हुन्। बिहान ९ बजे नै संसदीय दलको बैठक बस्ने भनिए पनि शेरधन राई र भीम आचार्य काठमाडौंबाट आउन ढिलाइ भएपछि विराटनगर विमानस्थल नजिकैको एसियाटिक होटलमा एमाले संसदीय दलको बैठक बसेको थियो। 'पार्टी एकतालाई बचाउन मैले राजीनामा दिएको हुँ। हामीले आचार्यजीलाई भावी मुख्यमन्त्रीका रूपमा अगाडि सारेका छौं,' बैठकपछि पत्रकारसँग कुरा गर्दै राईले भने, 'विभाजन र पार्टी एकताको सर्वोत्तम कुरालाई ध्यानमा राखेर परिस्कृत परिस्थितिलाई सामना गर्ने, नेकपा एमालेको प्रभाव र वर्चश्वलाई जस्ताको तस्तै कायम राख्ने सरकारलाई सुरक्षित तरिकाले अगाडि बढाउने तमाम कुरालाई ध्यानमा राखेर मैले राजीनामा गरेको हुँ।'

एमाले विभाजनपछि प्रदेश १ को संसदीय दलको बैठक पहिलो पटक बसेको हो। माधवकुमार नेपालको साथ छोडेर एमालेमै रहने निर्णय गरेपछि आचार्यलाई बिहीबार नै मुख्यमन्त्री बनाइएको छ। नेपाल पक्षका आचार्यसँगै प्रदेश सभा सदस्य बलबहादुर साम्सोहाङ, होमकुमारी सावा, जीवन घिमिरे, लक्ष्मण तिवारी, लिलाबल्लभ अधिकारी, यशोदा अधिकारी र साबित्री जोशी एमालेमै खुलेका छन्। नेपाल समूहमा प्रदेश- १ का १५ सांसद रहेको उक्त समूहको दाबी छ आचार्यलाई मुख्यमन्त्री बनाउँदा त्यसको ठूलो संख्या आफूले एमालेमै राख्ने आचार्यले दाबी गर्दै आएका छन्। त्यहीअनुसार आचार्यले सांसदहरुलाई फकाउँदै पनि आएका छन्। 'मैले सबै मन्त्रीहरू हाम्रो टिमबाट बनाउने हो,' आचार्यले नेपाल समूहकालाई फकाउने क्रममा सांसदलाई उनले भन्ने गरेका छन्, 'मन्त्रिमण्डल र संसदीय समितिमा पनि व्यापक फेरबदल हुनेछ। पार्टी नछाडौं।' नेपाल कम्युनिस्ट पार्टी (एमाले )विभाजनपछि प्रदेश १ मा मुख्यमन्त्री परिवर्तन गरिएको छाबिहीबार तेस्रो प्रयासमा भिमम प्रसाद आचार्य प्रदेशको मुख्यमन्त्री बनेका छन। अध्यादेश ल्याएर एमालेलाई विभाजित गराईएको हुँदा आगामी दिन सहज छैनन्। नेपाल समूहले दाबी गरेअनुसारको सांसद संख्याले नयाँ पार्टी रोजेको खण्डमा उनको सरकारको आयु छोटो हुन सक्छ। आचार्यले यसअघि शेरधन राईसँग एमाले संसदीय दलमा प्रतिष्पर्धा गरेर हारेका थिए। पुस ५ मा प्रतिनिधि सभा विघटन भएपछि तत्कालीन नेकपाको प्रचण्ड-नेपाल पक्षले मुख्यमन्त्रीविरूद्ध अविश्वास प्रस्ताव दर्ता गर्दा आचार्यलाई नै मुख्यमन्त्रीका रूपमा प्रस्ताव गरेको थियो। तर फागुन २३ को सर्वोच्चको फैसलाले एमाले र माओवादीलाई पूर्ववत् अवस्थामा फर्काइदिएपछि आचार्यको मुख्यमन्त्री बन्ने दौड रोकिएको थियो।

पछिल्लो समयमा अध्यक्ष ओलीले मुख्यमन्त्रीको आश्वासन दिएपछि उनले नेपाल समूहको साथ छाडेका थिए। एमाले विभाजन प्रक्रिया सुरू भएसँगै बागमती प्रदेशमा अष्टलक्ष्मी शाक्यलाई भैं गत साता आचार्यको पनि विराटनगरमा शपथ गराउने तयारी एमाले ओली पक्षको थियो। प्रदेश सभामा रहेका नेता नेपाल पक्षधर सांसदलाई पार्टीमै टिकाउन ओली पक्षले यस्तो तयारी गरेको थियो। तर माधव नेपाल पक्षधर सांसदहरूबाट पहिलेदेखि नै एक्लिएका उनले शपथ लिने बाटो रोजेनन्। काठमाडौं बसेर उनी मुख्यमन्त्री बन्न नेता नेपालको सहयोग खोजिरहेका थिए। नेपाल समूहको समर्थन बेगर मुख्यमन्त्री बने पनि टिक्न नसकिने तथ्य बुझेका उनी ओलीको प्रस्ताव स्वीकार गर्न सुरूमा हच्किएका थिए। नेपाल समूहको असहयोग हुने बुझेपछि उनी गएको शनिबार बिहान नेता नेपालको सहयोग माग्दै उनकै निवास पुगेका थिए। तर उनलाई सघाउन नसकने जवाफ नेता नेपालले दिएका थिए।

प्रदेश संसदमा एमालेका ५१, कांग्रेसका २१, माओवादी केन्द्रका उपसभामुखसहित १५, जनता समाजवादी पार्टीका ३, राप्रपा र संघीय लोकतान्त्रिक मञ्चको १/१ जना सांसद छन्। यसअघि माओवादी केन्द्र संसदीय दलका नेता टंक आङ्बुहाङ एमालेमा प्रवेश गरेपछि उनी कारबाहीमा परेका छन्। एमालेका ५१ सांसदमध्ये १५ जना समाजवादीमा रहेको दाबी सो पक्षले गरिरहेको छ। यद्यपि दोस्रो पुस्ताका नेताहरु एमालेमै रहने र ०७५ जेठ २ गतेकै अवस्थामा पार्टीको संगठनात्मक संरचना र नेतृत्व रहने निर्णय गरेपछि कतिपय सांसदहरुले एमाले छोड्ने सम्भावना कम छ। नयाँ सरकार बनाउन पुग्ने संख्याभन्दा धेरै सांसद आफूसँग रहने नेपाल समूहको दावी छ। एमालेले आचार्यलाई मुख्यमन्त्री हुँदै गर्दा नयाँ पार्टी नेकपा एकीकृत समाजवादीले पनि आचार्यको सत्तारोहण रोक्न उपायको खोजी सुरु गरेको छ। एमालेले आफ्ना पक्षका सांसद लान सक्ने भन्दै उनीहरुले १ महिने सरकारमा मन्त्री बन्ने लोभमा कोही पर्न नहुने भन्दै अभियान चलाएका छन्। मुख्यमन्त्री बन्नका लागि ४७ जना सांसद आवश्यक पर्छ। एमालेका ५१ मध्ये १ जना सभामुख, १ जना गुलेफुन मियाँलाई मुद्दा लागेको कारण हाल एमालेका ४९ जनामात्रै सांसद छन्।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : शत्रुको भय |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : मन चञ्चल |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस्।

# भदौरे जात्रा स्थगित

पोखरापत्र संवाददाता
बागलुङ, १० भदौ

स्थिति सहज भइदिएको भए यो बेला बागलुङ बजारमा भदौरे जात्राको रौनक चलेको हुनेथियो। रैथाने नेवार आफ्नो पुस्तैनी परम्परामा रमाइहेका हुन्थे। संस्कृतिप्रेमी सबैका लागि यो याम जात्रामय बन्थ्यो। अहिले परि स्थिति त्यस्तो छैन। भदौरे जात्राका लागि कोरोना महामारी बाधक बनेको छ। सङ्क्रमणको जोखिम घटाउन जारी निषेधाज्ञाका कारण नेवार समुदायमा प्रचलित जात्रा, नाच स्थगन गरिएको छ। भदौरे जात्रा अन्तर्गत यहाँ लाखे, बास्सा, रोपाईं, जोगी, होवा, कटुवाललगायतका नाच तथा झाँकी निकाल्ने गरिन्थ्यो। भीडभाडजन्य क्रियाकलापमा बन्देज लगाइएका कारण भदौरे जात्रा रोक्नुपरेको शाक्य कल्याण समाज बागलुङका सचिव मञ्जुल शाक्यले बताउनुभयो।

"कोरोना सङ्क्रमणको जोखिम कायमै रहेको र निषेधाज्ञा पनि कडा प्रकृतिको भएका कारण यसपाली जात्रा रोक्ने निर्णय गर्यौं", उहाँले भन्नुभयो। गत वर्ष पनि अन्तिम समयमा आएर समाजले भदौरे नाच स्थगन गरेको थियो। भदौरे नाचले पर्वमय माहोलको छनक दिने गरेकोमा जात्रा रोकिँदा अहिलेका चाडबाडै पनि यसै निराश छन्। खास उत्साह र रमभम छैन। नेवार समुदायका कलाकारले बर्सेनि जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म भदौरे नाच प्रदर्शन गर्थे। लाखे नाच त घण्टाकर्ण पर्वदेखि तीजसम्मै देखाउने चलन थियो। घण्टाकर्ण र गाईजात्रा भने सुरक्षा सावधानीसहित मनाइएको नेपाल भाषा मंकाः खलः बागलुङका सदस्य जयराम भारीले बताउनुभयो। गाईजात्राका दिन दिवङ्गत आफन्तको स्मृतिमा तायामचाः निकाल्ने पर्ने भएकाले न्यून उपस्थितिमा उक्त संस्कारलाई निरन्तरता दिइएको उहाँको भनाइ छ। "परम्परा जोगाउने मात्र काम भयो, गाईजात्रा पहिलेभैं भव्य भएन", सदस्य भारीले भन्नुभयो, "दिउँसोमा पनि तायामचाः नाच देखाउने प्रचलन रहेपनि कोरोना सङ्क्रमणको जोखिमका कारण यसवर्ष बिहान मात्रै निकालिएको थियो। समाज र खलः मिलेर नेवार समुदायको साँस्कृतिक परम्परालाई जोगाउँदै आएका छन्।"

तीन सय वर्षअघि बसाइँसराइ गरी आउँदा ल्याएको जात्राको परम्परालाई यहाँका नेवारहरुले जीवित राखेका छन्। भाइचारा, मेलमिलाप, सामाजिक सन्देश र मनोरञ्जनको माध्यमका रुपमा भदौरे जात्रालाई लिने गरिएको संस्कृतिकर्मी प्रेम छोराले बताउनुभयो। भक्तपुर, धुलिखेल र भादगाउँबाट भित्रिएका नेवार जातिले बागलुङमा भदौरे जात्राको प्रचलन बसालेको उहाँको भनाइ छ। जात्राभित्र विभिन्न परम्परा झल्कने गीत, नाच प्रदर्शन गर्ने गरिन्छ। जात्राले गीत, नृत्य र अभिनयबाट व्यङ्ग्य, पौराणीक कथा, जनजीवनका भोगाइ र स्वस्थ मनोरञ्जनलाई समेट्ने संस्कृतिकर्मी छोराले उल्लेख गर्नुभयो।

पहिलेपहिले भदौरे नाच हेर्नकै लागि गाउँगाउँबाट मानिस बागलुङ बजार झर्थे। दिनभर जात्रामा रमाउने र चाडबाडलाई किनमेल गरेर साँझपख घर फर्कने गर्थे। पछिल्लो समय भदौरे जात्राको रौनक घट्दै गए पनि नेवार परम्परा र संस्कृति जोगाउन जेनतेन लागिपरेका छन्। नेवार समुदायको बसोबास रहेको गलकोटलगायतका ठाउँमा पनि जात्रा निकाल्ने चलन छ। संरक्षण अभावमा कतिपय नाच भने हराएको नेवार अगुवा बताउँछन्। लाखे नाच्ने कलाकार पाउनै गाह्रो हुन थालेको उनीहरुको दुःखेसो छ। यसै त परम्परा धान्न मुस्किल भइरहेका बेला कोरोना महामारीले थप प्रतिकूलता निम्त्याएको छ। चलिआएको रीतिथिति धान्न पनि धौधौको स्थिति छ। कोरोना सङ्क्रमण दर बढेसँगै गत साउन २८ गतेदेखि यहाँ कडा प्रावधानसहितको निषेधाज्ञा छ। अत्यावश्यक बाहेकका सबै सेवा ठप्प छन्।

# वाइसिएलको राष्ट्रिय भेला भदौमा हुने

रासस
काठमाडौं, १० भदौ

नेकपा (माओवादी केन्द्र) को युवा सङ्गठन योङ्ग कम्युनिष्ट लिग (वाइसिएल) नेपालको राष्ट्रिय भेला यही भदौ १२ र १३ गते हुने भएको छ।

वाइसिएलले बिहीबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा भेला भर्चुअल माध्यमबाट हुन लागेको जानकारी अध्यक्ष रामप्रसाद सापकोटाले दिनुभयो। सातै प्रदेशका प्रतिनिधि र पर्यवेक्षक सम्बन्धित प्रदेशको राजधानीमा जम्मा भई भर्चुअल माध्यमबाट भेलामा सहभागिता जनाउने पत्रकार सम्मेलनमा जानकारी दिनुभयो। 'उत्पादन, स्वरोजगार रआत्मनिर्भरताकालागिसमाजवादको बाटोमा अघि बढौं, सुदृढ सङ्गठन र परिवर्तनलाई संस्थागत गर्न वाइसिएल नेपालको राष्ट्रिय भेला सफल पारौं' भन्ने नारासहित हुन लागेको भेलाले नयाँ नेतृत्व चयन गर्नेछ।

भेलालाई माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले संबोधन गर्ने कार्यक्रम रहको अध्यक्ष सापकोटाले जानकारी दिनुभयो।

भेलामा सङ्गठनको राजनीतिक प्रतिवेदन, विधान संशोधन प्रस्ताव, नयाँ नेतृत्व र कार्यसमितिको चयनलगायत एजेण्डा रहेको पत्रकार सम्मेलनमा जानकारी दिइयो। अध्यक्ष सापकोटाले भेलाबाट नयाँ नेतृत्व आउने र आफूले पुनःउम्मेदवारी नदिने पत्रकार सम्मेलनमा जानकारी दिनुभयो। भेलामा ६४७ प्रतिनिधि एवं पर्यवक्षेकको सहभागितामा रहनेछ।

# ७२ पिन्ट रगत संकलन

पोखरापत्र संवाददाता
दमौली, १० भदौ

तनहुँको शुक्लागण्डकी नगरपालिका-४ दुलेगौडा बजारमा बुधबार रक्तदान कार्यक्रम गरिएको छ। लायन्स क्लब अफ तनहुँ शुक्लागण्डकी टाउनले आयोजना गरेको कार्यक्रममा ७२ पिन्ट रगत सङ्कलन गरिएको हो।

लायन्समा आबद्ध सदस्य, उद्योगी, व्यवसायी, कर्मचारीले रक्तदान गरेको क्लबका अध्यक्ष विष्णुबहादुर रानाले जानकारी दिनुभयो। कोरोना कहरले पर्याप्त मात्रामा रक्तदानको कार्यक्रम नहुँदा रगतको अभाव भएकाले रक्तदान कार्यक्रम गरिएको उहाँले बताउनुभयो। "रगतको अभावमा कसैले ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले रक्तदान आयोजना गरेका हौं", उहाँले भन्नुभयो। नगर प्रमुख किसान गुरुङले कोरोनाका कारण बिरामी अप्ठ्यारामा परेको जनाउँदै बिरामीको जीवन बचाउन लायन्सले उत्कृष्ट काम गरेको उल्लेख गर्नुभयो। सो अवसरमा लायन्सको क्लष्टर १४ का चिफ सन्तोष घिमिरे, रक्तदान संयोजक महेश पौडेल, शुक्लागण्डकी-५ का वडाध्यक्ष दीर्घबहादुर थापा, लायन्सका रिजन चियर पर्सन प्रदीप थापा, जोन चियर पर्सन मिनबहादुर लामिछाने, शुक्लागण्डकी उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिकुमार श्रेष्ठलगायतले धारणा व्यक्त गर्नुभएको थियो।

लायन्स क्लब अफ तनहुँ शुक्लागण्डकी टाउनले अघिल्लो महिना दुलेगौडावासीले पिउने खानेपानीको मुहान संरक्षणका लागि वृक्षरोपण गरेको थियो। पछिल्लो समय तनहुँमा रहेका लायन्स क्लबले रगत अभावको समस्या टार्न रक्तदान कार्यक्रम गरिरहेका छन्। रक्तदान कार्यक्रम बढ्न थालेसँगै रगत दान गर्नुपर्छ भन्ने चेतना सर्वसाधारणमा बढ्न थालेको पाइन्छ।

**प्रदेश सरकार**
**भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**गण्डकी प्रदेश, कास्की जिल्ला**

**काहुँ खोला-सिक्लेस-दुधपोखरी सडक खण्ड (१०.४२४ किमि) को स्तरोन्नतीका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना।**

**प्रकाशन मितिः २०७७/ ५ /११**

प्रदेश सरकार, भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, पूर्वाधार विकास निर्देशनालय, गण्डकी प्रदेश, कास्की जिल्लाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | प्रदेश सरकार<br>भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय<br>पूर्वाधार विकास निर्देशनालय<br>गण्डकी प्रदेश, कास्की जिल्ला<br>फोन नं: ०६१-४६५१०६<br>इमेल: idd@gandaki.gov.np |
| प्रस्तावको व्यहोरा | काहुँ खोला-सिक्लेस-दुधपोखरी सडक खण्ड (१०.४२४ किमि) को स्तरोन्नती |
| प्रभाव पर्न सक्ने क्षेत्र | गण्डकी प्रदेश, कास्की जिल्ला, मादी गाउँपालिका वडा नं.६-७ |

वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा ५ र वातावरण नियमावली, २०७७ को नियम ६ बमोजिम यस प्रस्तावको कार्यान्वयनको क्रममा सो क्षेत्रको स्थानीय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालाहरूसंग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान बमोजिम निम्न लिखित स्थान र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले सम्पूर्ण सरोकारवालाहरूलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय तथा सुझावहरू दिनुहुन अनुरोध गर्दछौं।

**सार्वजनिक सुनुवाई सम्बन्धी कार्यक्रमः**
मितिः २०७८ भदौ १७ गते
स्थानः समाजघर, वडा नं.६,मादी गाउँपालिका
समयः बिहानको ११.०० बजे

**पोखरा महानगरपालिकामा निर्माण हुन गइरहेको लेखनाथ खानेपानी आयोजनाका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना।**

**प्रकाशन मितिः २०७७/ ५ /११**

खानेपानी तथा ढल व्यवस्थापन विभाग, जलवायु अनुकुलित बृहत खानेपानी आयोजना, पानीपोखरी, महाराजगंज, काठमाडौं, नेपालद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | खानेपानी तथा ढल व्यवस्थापन विभाग<br>जलवायु अनुकुलित बृहत खानेपानी आयोजना<br>पानीपोखरी, महाराजगंज, काठमाडौं, नेपाल<br>फोन नं: ०१-४४१३७४४ / ४४१८२५३<br>इमेलः pmojalvayu1234@gmail.com |
| प्रस्तावको व्यहोरा | लेखनाथ खानेपानी आयोजना |
| प्रभाव पर्न सक्ने क्षेत्र | गण्डकी प्रदेश, कास्की जिल्ला, लेखनाथ नगरपालिका वडा नं. १३, २०, २६-३२, मादी गाउँपालिका वडा नं. ५, ७ |

वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा ५ र वातावरण नियमावली, २०७७ को नियम ६ बमोजिम यस प्रस्तावको कार्यान्वयनको क्रममा सो क्षेत्रको स्थानीय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालाहरूसँग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान बमोजिम निम्न लिखित स्थान र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले सम्पूर्ण सरोकारवालाहरूलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय तथा सुझावहरू दिनुहुन अनुरोध गर्दछौं।

**सार्वजनिक सुनुवाई सम्बन्धी कार्यक्रमः**
मितिः २०७८ भदौ १८ गते
स्थानः लेखनाथ साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिको कार्यालय, वडा नं. ३०
समयः बिहानको ११.०० बजे

# सहकारीबाटै वार्षिक १८ लाख लिटर दूध बिक्री

**– कृष्ण दवाडी**
**गण्डकी, १० भदौ**

माछापुच्छ्रे गाउँपालिकाका कृषक व्यावसायिक पशुपालनमा आकर्षित बनेका छन् । उत्पादित दूध बिक्रीका लागि बजारको राम्रो प्रबन्ध भएपछि विगतमा निर्वाहमुखी पशुपालन गर्दै आएका कृषक अहिले व्यावसायिक बन्दै आयआर्जनमा लागेका हुन् ।

सरकारले दूध उत्पादनका आधारमा अनुदान दिन सुरु गरेपछि साना तथा व्यवसाय उन्मुख कृषकले सहकारी संस्थाबाट दूध बिक्री गर्ने गरेका छन् । उत्पादनका आधारमा दिइने अनुदानले साना कृषक लाभान्वित छन् । ठूला कृषकले भने आफैँ बजारमा लगेर बिक्री गर्ने गर्दछन् । सहकारीले कृषकले उत्पादन गरेको दूध सङ्कलन गरी बजारमा पुऱ्याउने गरेका छन् । गाउँपालिकाको पशुसेवा शाखाका अनुसार गत आर्थिक वर्षमा विभिन्न पाँच सहकारी संस्थाबाट १८ लाख ३६ हजार ६३ लिटर दूध बिक्री भएको छ । कृषकले उत्पादन गरेको दूध सहकारी संस्थाका माध्यमबाट बजारमा पुग्ने गरेको शाखा प्रमुख रामचन्द्र पौडेलले बताउनुभयो ।

गाउँपालिकाका तीन वडामा रहेका पाँच दुग्ध सहकारीले खरीद गरी बजारको सुनिश्चितता गर्दै आएका छन् । गत वर्ष भेडाबारी दुग्ध उत्पादक सहकारी संस्थाबाट दुई लाख ११ हजार ८११ लिटर, हिमशिखर दूध उत्पादक सहकारी संस्थाबाट दुई लाख १६ हजार ५३९, घाचोक दुग्ध उत्पादक सहकारीबाट चार लाख २४ हजार ३१७, पिपलबोट दुग्ध उत्पादक सहकारी संस्थाबाट दुई लाख ३९ हजार २९० र प्रतिभा सामाजिक उद्यमी महिला सहकारीबाट सात लाख ४४ हजार १०६ लिटर दूध बिक्री भएको शाखा प्रमुख पौडेलले जानकारी दिनुभयो ।

गाउँपालिकाबाट दैनिक १० हजार ६०० लिटर हाराहारीमा दूध बिक्रीका लागि बजारमा जाने गरेको छ। गण्डकीप्रदेश सरकारले सहकारीबाट दूध बिक्रीका आधारमा कृषकलाई प्रतिलिटर दुई रुपैयाँ पचास पैसा अनुदान दिँदै आएको छ। यसैगरी गाउँपालिकाले पनि यसअघि प्रतिलिटर २५ पैसा अनुदान दिएकामा यस वर्षदेखि ५० पैसा अनुदान दिने भएको छ। गाउँपालिकाले गत वर्ष दुग्ध उत्पादक कृषकलाई उत्पादनका आधारमा रु पाँच लाख वितरण गरेको थियो। सहकारीबाट कृषकले गाईको दूधको मूल्य प्रतिलिटर रु ६० का दरले प्राप्त गर्ने गरेका छन् । सहकारी संस्थाबाहेक पनि कृषकले आफैँ बजार खोजेर दूध बिक्री गर्ने गरेको बताइन्छ । अधिकांश ठूला कृषकले आफ्नै सवारी साधनबाट पोखरालगायतका क्षेत्रका डेरी तथा सहकारीमा दूध बिक्री गर्ने गरेका छन् । गाउँपालिकाका सबै वडाबाट गरी सिधै वर्षमा २० लाख आठ हजार ५०० लिटर दूध बिक्री हुने गरेको बताइन्छ । "गाउँपालिका दूध उत्पादनमा जिल्लामै पहिलो स्थानमा छ", शाखा प्रमुख पौडेलले भन्नुभयो, "स्थानीय सरकार र प्रदेश सरकारले उत्पादनका आधारमा दिने अनुदानले समेत वास्तविक कृषकले लाभ लिएका छन्, पशुपालन व्यवसाय राम्रोसँग फस्टाउँदै गएको छ।"

गाउँपालिकामा हालसम्म गाई/भैंसी २७८, बाख्रा ९८ र कुखुराका ८९ फार्म दर्ता भएका छन् । गाउँपालिकाको पशु तथ्याङ्कमा गाई चार हजार ३६५, भैंसी छ हजार ६६६, भेडा दुई हजार २२४, बाख्रा नौ हजार १५, कुकुर ९९९ र बङ्गुर ३९७ रहेको पशु शाखाले जनाएको छ । गाउँपालिकाका उपाध्यक्ष कृष्णकुमारी दवाडीले गाउँपालिका कृषिमा अग्रणी रहेकाले पशुपालन, दुग्ध व्यवसाय, कुखुरापालन, मत्स्यपालनलगायतका कृषि व्यवसाय व्यावसायिकरुपमा अघि बढाउन कार्यक्रम सञ्चालन भइरहेको बताउनुभयो । दूध उत्पादक कृषकलाई सहकारीमार्फत बिक्रीका आधारमा अनुदान, अनुदानमा पावर टेलर, च्याप कटर, बोका र निःशुल्क घाँसका बिउ तथा सिड विन वितरण, वडा नं २ र ९ मा स्थानीय भैंसी संरक्षण कार्यक्रम, एक वटा गाई/भैंसी पकेट क्षेत्रलगायतका कार्यक्रम गाउँपालिकाको प्राथमिकतामा रहेको उहाँले जानकारी दिनुभयो । "पशुपालनमा जिल्लामै अग्रणी स्थानमा रहेका यहाँका कृषकको मनोबल उच्च राख्दै कृषिलाई व्यवसायीकरण, आधुनिकीकरण, र यान्त्रिकीकरण गाउँपालिकाको प्राथमिकतामा छ", उपाध्यक्ष दवाडीले भन्नुभयो । गाउँपालिकाले चालु आर्थिक वर्षमा कृषि र पशुतर्फ रु एक करोड पाँच लाख ७३ हजार ३७३ बजेट विनियोजन गरेको छ।

# चोकचोकमा एन्टिजिन जाँच

**पोखरापत्र संवाददाता**
**बागलुङ, १० भदौ**

निषेधाज्ञामा हिँडडुल गर्नेलाई सडकमै रोकेर एन्टिजिन विधिबाट कोरोना जाँच गर्न थालिएको छ।

सोमबारदेखि सदरमुकामका चोकचोकमा एन्टिजिन जाँच भइरहेको हो। बुधबार लोकतान्त्रिक चोकमा ९३ जनामा एन्टिजिनबाट कोरोना परीक्षण गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको बागलुङ नगरपालिकाका जनस्वास्थ्य अधिकृत रामप्रसाद खनालले जानकारी दिनुभयो।

उहाँका अनुसार बुधबार उपल्लाचौरमा २५ र सोमबार नारायणचोकमा ५० जनाको एन्टिजिन जाँच गरिएको थियो । त्यसमध्ये नारायणचोकमा गरिएको परीक्षणमा एक जनालाई कोरोना पोजेटिभ देखिए पनि बाँकी सबैको रिपोर्ट नेगेटिभ आएको छ । "एन्टिजिन परीक्षणलाई हरेक दिन निरन्तरता दिन्छौँ, बाटैमा जाँच गर्दा निषेधाज्ञामा बिनाकाम हिँडडुल गर्ने पनि निरुत्साहित हुन्छन्", खनालले भन्नुभयो । यसअघि जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको बैठकले एन्टिजिन परीक्षणको दायरा बढाउने निर्णय गरेको थियो। कोरोना परीक्षण गर्न नमान्ने, हिच्किचाउनेलाई पनि सम्झाइबुझाइ गरेर परीक्षण गर्ने गरिएको छ। एन्टिजिन विधिबाट परीक्षण गर्दा तुरुन्त रिपोर्ट आउँछ । लक्षण भएका व्यक्तिमा मात्र एन्टिजिनले पोजेटिभ नतिजा देखाउने गरेको जनस्वास्थ्य अधिकृत खनालले बताउनुभयो । कोरोना सङ्क्रमितको छिटो पहिचान र समुदायमा महामारीको स्थिति पत्ता लगाउन एन्टिजिन विधि उपयुक्त मानिन्छ । जिल्लामा हालसम्म तीन हजार ४५५ को एन्टिजनबाट कोरोना जाँच गरिएको छ भने २२ हजार २८७ को पीसीआर विधिबाट परीक्षण गरिएको छ। कूल परीक्षणमध्ये सात हजार ४२१ मा कोरोना पुष्टि भएको छ। सक्रिय सङ्क्रमितको सङ्ख्या भने ३७० मात्र छ। यहाँ कोरोना सङ्क्रमणका कारण ६५ जनाको ज्यान गएको छ । सङ्क्रमणको जोखिम घटाउन गत साउन २८ गतेदेखि यहाँ कडा निषेधाज्ञा छ।

# राष्ट्रिय फुटबल टोलीको बन्द प्रशिक्षण कतारमा हुने

**रासस**
**काठमाडौं, १० भदौ**

नेपाली राष्ट्रिय फुटबल टोलीको बन्द प्रशिक्षण कतारमा हुने भएको छ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले बिहीबार विज्ञप्ति जारी गर्दै नेपालले बन्द प्रशिक्षण कतारको दोहामा गर्ने जनाएको हो।

दक्षिण एशियाली फुटबल प्रतियोगिता (साफ)को तयारीका लागि अभ्यास गर्न नेपाली टोली यही भदौ २५ गते दोहा प्रस्थान गर्नेछ । नेपाली टोलीले हाल कास्कीको पोखरामा अभ्यास गर्दै आएको छ । मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले २५ खेलाडीलाई प्रशिक्षण दिइरहनुभएको छ। कतार जानुअघि नेपालले भारतसँग दुई मैत्रीपूर्ण खेल खेल्ने तय भएको छ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा नेपालले भदौ १७ र भदौ २० गते भारतसित मैत्रीपूर्ण खेल खेल्नेछ । साफ च्याम्पियनसिप आगामी असोज असोज १५ देखि असोज ३० गतेसम्म माल्दिभ्समा आयोजना हुँदैछ । नेपालले आयोजक माल्दिभ्ससँग असोज १५ गते, दोस्रो खेल श्रीलङ्कासँग असोज १८ गते, तेस्रो खेल भारतसँग असोज २४ गते तथा लिग चरणको अन्तिम खेल बङ्गलादेशसँग असोज २७ गते खेल्ने तालिका रहेको एन्फाले जनाएको छ। नेपाल, भारत, श्रीलङ्का, बङ्गलादेश र माल्दिभ्स सम्मिलित उक्त प्रतियोगिताको लिग चरणको खेलपछि शीर्ष दुई टोली उपाधिका लागि असोज ३० गते भिड्ने छन् ।

हाल पोखरामा बन्द प्रशिक्षणमा रहेको नेपाली टोलीमा किरणकुमार लिम्बू, विशाल श्रेष्ठ, दीप कार्की, विकेश कुथु, सुमन अर्याल, दिनेश राजवंशी, गौतम श्रेष्ठ, अनन्त तामाङ, रोहित चन्द, सुरज जिउ ठकुरी, सुमन लामा, कमल थापामगर, नितिन थापा, तेज तामाङ, राजन गुरुङ, पुजन उपरकोटी, विशाल राई, सन्तोष तामाङ, सुजल श्रेष्ठ, सुनिल बल, मनिष डाँगी, अञ्जन विष्ट, आयुष घलान, नवयुग श्रेष्ठ र आशिष लामा हुनुहुन्छ।

# अब बागलुङमा मौसमसम्बन्धी सूचना दुई दिन अगावै

**रासस**
**बागलुङ, १० भदौ**

बागलुङमा पछिल्लो समय बाढीपहिरो र भूक्षयका घटना बढ्न थालेपछि मौसम विभागले जिल्लाको मौसम पूर्वानुमान जानकारी गराउन थालेको छ । बागलुङनगरपालिकाका इञ्जिनीयर गौरव शर्माको समन्वयमा मौसम पूर्वानुमानले दुई/दुई दिनका बिचमा जिल्लाको मौसमसम्बन्धी जानकारी पठाउँदै आएको छ।

उहाँले विभिन्न फेसबुक पेजमार्फत मौसमका जानकारी नागरिकलाई जानकारी गराउँदै आउनुभएको छ । उहाँले उच्च जोखिममा मौसम पूर्वानुमान हुँदा वडा तहको विपद् समितिलाईसमेत जानकारी गराउँदै आएको बताउनुहुन्छ। पूर्व जानकारीले मानवीय तथा भौतिक क्षतिमा कमी ल्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । पछिल्लो एक महिनादेखि बागलुङ, ढोरपाटन, जैमिनी नगरपालिका र निसीखोला गाउँपालिकाको मौसमसम्बन्धी जानकारी विभागले दिँदै आएको र नागरिकलाई सूचना जारी गर्न फेसबुकमार्फत आफूले जानकारी दिँदै आएको इञ्जिनीयर शर्माको भनाइ छ। आजको मौसमी प्रभावका आधारमा आगामी दुई दिनसम्मको मौसमसम्बन्धी जानकारी उपलब्ध गराइने र मौसम विभागलेसमेत जोखिम तालिकाका अनुसार नागरिकलाई सचेत गराउँदै आएको छ । मौसम पूर्वानुमान महाशाखाले इञ्जिनीयर शर्मालाई आवश्यक तालिम प्रदान गरे पश्चात् मौसमसम्बन्धी जानकारी दिन थालेको हो । उहाँका अनुसार पछिल्लो समय जिल्लामा झरी पर्दा मात्रामा मानवीय तथा भौतिक क्षति पुग्ने भएकाले यसलाई कम गर्न पूर्व जानकारी दिन थालिएको हो ।


## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख बाघमारदेखि महेन्द्रपुल जाँदा २०७८/०२/०५ गते हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**

**नामः आसिस पौडेल**
**ठेगानाः पोखरा–३३, बाघमारा**
**विमा लेख नं. १३००८३९४३**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
**फोनः ९८४६०१४४५६**

## श्री राजपुर माध्यमिक विद्यालय
**शुक्लागण्डकी–११, भुस्नापुर, तनहुँ**

## शिक्षक आवश्यकता

प्रथम पटक प्रकाशित मिति : २०७८/०५/११

श्री राजपुर मा. वि. शुक्लागण्डकी-११, तनहुँ निमावि तृतीय विज्ञान/गणित शिक्षक रिक्त भई शुक्लागण्डकी नपा शिक्षा शाखाको च.नं. २२८ मिति २०७८/०५/०९ को पत्रबाट अनुमति पत्र प्राप्त भएको तपशिल बमोजिम खुला प्रतिस्पर्धाबाट पदपूर्ति हुने गरी इच्छुक उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ।

**तपसिल**
**विज्ञापन नं.** : १/०७८/०७९
**पद** : नि.मा.वि. शिक्षक
**विषय** : विज्ञान/गणित
**तलब** : नेपाल सरकारले तोके बमोजिम
**शैक्षिक योग्यता** : सम्बन्धित विषयमा + २ उत्तीर्ण (तालिम प्राप्त)
**आवश्यक कागजातः** शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु २ थान
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**आवेदन शुल्क** : रु. १,००० (एक हजार रुपैयाँ मात्र)
**दरखास्त बुझाउने अन्तिम मितिः** २०७८/०५/२५ गते कार्यालय समयभित्र स्वयम् उपस्थित भई हस्तलिखित दिनुपर्नेछ।
**आवश्यक कागजातहरु :**
नागरिकताको प्रमाणपत्र प्रतिलिपि
शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि
अध्यापन अनुमति पत्रको प्रतिलिपि
अनुभव र तालिमका प्रमाणपत्रका प्रतिलिपि
**सम्पर्क नं.**: ९८५६०२७४८१


**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥**

## हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि. स. २०३४/०८/०५ गते**

**स्वर्गारोहणः**
**वि.स. २०७८/०४/३१ गते**

**स्वः बद्री बहादुर खत्री**

नयाँ तुलसी बाराही सप्लायर्स प्रा.लि. पोखराका संस्थापक पोखरा महानगरपालिका-९ न्यूरोड निवासी अत्यन्तै मिलनसार, सहयोगी, कर्तव्यनिष्ठ एवं युवा व्यवसायी **बद्री बहादुर खत्री** को ४४ वर्षको अल्पायू उमेरमा भएको असामयिक निधनले हामीलाई मर्माहत एवं स्तब्ध बनाएको छ। यस दुःखद घडीको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनी भगवानसँग कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**नयाँ तुलसी ग्रुप परिवार**